# नेपाल सरकार

# शिक्षक सेवा आयोग

## माध्यमिक तह खुला प्रतियोगितात्मक विषयगत परीक्षाको पाठ्यक्रम- २०७६

**विषयः नेपाली** **पूर्णाङ्क : १००**

**समयः ३ घण्टा**

### खण्डः क

### एकाइ एकः वर्ण, लिपि, अक्षर र शब्द शिक्षण

१.१. वर्णको परिचय, वर्ण निर्धारण प्रक्रिया, नेपालीका स्वर (अर्धस्वर र संयुक्त स्वर समेत) र व्यञ्जन वर्णको परिचय (नेपालीका कथ्य र लेख्य वर्ण)

१.२. लिपिको परिचय, प्रकार र टङ्कणमा देवनागरी लिपिको प्रयोग

१.३. नेपाली अक्षरको परिचय, संरचना र अक्षर विभाजनको ढाँचा

१.४. शब्दवर्गः नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात

१.५. शब्द बनोट, शब्द रुपायन (वचन, लिङ्ग, पुरूप, आदर), र शब्द व्युत्पादन (उपसर्ग, प्रत्यय, समास, द्वित्त्व, आन्तरिक र बाह्य सन्धि)

### एकाइ दुईः वाक्य परिचय र प्रकार शिक्षण

२.१. संरचनाको आधारमा वाक्यको बनोटः आधारभूत/सरल, मिश्र र संयुक्त वाक्य

२.२. पदावली संरचनाः नाम, विशेषण र क्रियायोगी

२.३. अर्थ वा भावका आधारमा वाक्यः सामान्यार्थ, विध्यर्थ, सङ्केतार्थ र सम्भावनार्थ

२.४. वाक्यान्तरणः भाव, अर्थ, संरचना, ध्रुवीयता, उक्ति, वाच्यका आधारमा

२.५. पदक्रम, पदसङ्गति, कारक र विभक्ति

### एकाइ तीनः बोध र अभिव्यक्ति (व्यवहारिक र प्रयोजनपरक लेखन) शिक्षण

३.१. बोध, बुँदा टिपोट र सारांश

३.२. अनुच्छेद लेखन र व्यवहारिक लेखन

३.३. निबन्ध लेखन र विविध लेखन

३.४. प्रयोजनपरक लेखनः परिचय र प्रयोग

३.५. भाषिक सम्पादन कलाः प्रुफ रिडिङ र पाठ सम्पादन

### एकाइ चारः साहित्यिक विधा, व्याकरण, भाषिक सिप, शिक्षण विधि र अध्यापन योजना

४.१. साहित्यिक विधा शिक्षणको परिचय, आवश्यकता, प्रयोजन र विधिः कविता, कथा, निबन्ध, जीवनी र रूपक

४.२. नेपाली व्याकरण शिक्षणः परिचय, प्रयोग र उपयोगिता

४.३. कार्यमूलक व्याकरणः परिचय, विशेषता र शिक्षण विधिहरू

४.४. भाषिक सिप शिक्षणः परिचय, प्रयोजन, क्रियाकलाप र शिक्षण विधि

४.५. अध्यापन योजनाः पाठयोजना, एकाइ योजना र वार्षिक शैक्षणिक योजना

## एकाइ पाँचः सिकाइ सहजीकरण कार्यकलाप र प्रयोगात्मक भाषा विज्ञान

५.१. सिकाइ सहजीकरणः प्रस्तुती, पठनबोध, प्रयोगात्मक कार्य र पृष्ठपोषण, बहुबौद्धिकता, आलोचनात्मक सोच, सहकार्यात्मक कार्य र विद्युतीय सिकाइको प्रयोग

५.२. सामाजिक भाषाविज्ञानः सामाजिक भाषिका, भाषिक समुदाय, भाषा र संस्कृतिको सम्बन्ध, भाषा प्राप्ति र अवलम्बन

५.३. मनोभाषा विज्ञानः भाषिक सामर्थ्य र सम्पादन, भाषिक विकास र संज्ञानात्मक विकास

५.४. त्रुटि विश्लेक्षण र व्यतिरेकी विश्लेषण

**खण्ड ख**

## एकाइ छः नेपाली भाषा, कोश र शब्दभण्डारको अध्ययन

६.१. नेपाली भाषाः उत्पत्ति, परिचय, विकास र वर्तमान अवस्था

६.२. नेपाली भाषामा वर्ण विन्यासको मानकीकरणको प्रयास

६.३. नेपाली व्याकरण शिक्षणको विकासक्रम

६.४. अर्थ विज्ञानः परिचय, प्रकार र भाषिक परिवर्तन, व्याकरणात्मक र कोशीय परिवर्तन

६.५. अर्थका प्रकारः कोशीय, सन्दर्भपरक, व्याकरणात्मक, सहकार्यात्मक र समावेशात्मक

## एकाइ सातः साहित्यशास्त्र र लोकसाहित्य

७.१. पूर्वीय साहित्यशास्त्रः शव्द शक्ति, शब्दालङ्कार र अर्थालङ्कार

७.२. छन्द र लयः परिचय, प्रकार र प्रयोग

७.३. समालोचनाको सैद्धान्तिक परिचय र प्रमुख नेपाली समालोचकः मोतीराम भट्ट, ताना शर्मा र सञ्जीव उप्रेती

७.४. लोक साहित्यः परिचय, आवश्यकता र विशेषता

७.५. नेपाली भाषा शिक्षणमा लोक साहित्यको प्रयोग

## एकाइ आठः भाषिक मूल्याङ्कन र परीक्षण

८.१. भाषिक मूल्याङ्कनः परिचय, उद्देश्य, उपयोगिता, र विधि

८.२. भाषिक परीक्षणः प्रश्नपत्र निर्माण, प्रश्नका प्रकार र विशिष्टीकरण तालिका

८.३. प्रश्नपत्र निर्माणमा व्लुम्स टेक्सोनोमीको उपयोग

८.४. निरन्तर विद्यार्थी मुल्याङ्कनः महत्व र प्रयोग

८.५. विद्यार्थी मूल्याङ्कन प्रक्रियामा अक्षराङ्न पद्धतिको प्रयोग

## एकाइ नौः नेपाली भाषा शिक्षणका समसामयिक सन्दर्भ र भाषिक आन्दोलन

९.१. पहिलो र दोस्रो भाषाको रुपमा नेपाली भाषा शिक्षण सिकाइको स्वरूप र भिन्नता

९.२. द्विभाषिक र बहुभाषिक परिवेशमा नेपाली भाषा शिक्षण

९.३. सामाजिक, भाषिक विविधता र नेपाली भाषा शिक्षण

९.४. नेपाली भाषा विकासका सन्दर्भमा भएका विविध प्रयासहरू

९.५. पठन संस्कृति र पठन प्रवाह क्षमता

**एकाइ दशः नेपाली भाषा शिक्षणमा अनुसन्धान र तुलनात्मक अध्ययन**

१०.१. भाषा शिक्षणमा अनुसन्धानः परिचय, प्रकार र विधिहरु

१०.२. समस्या पहिचान, उद्देश्य निर्धारण र लेखन

१०.३. कार्यमूलक अनुसन्धानः परिचय, ढाँचा, अनुसन्धानका विधिहरु र शिक्षणमा प्रयोग

१०.४. माध्यमिक तह (कक्षा ९—१२) को नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययन र तुलनात्मक विश्लेषण

## विशिष्टिकरण तालिका

### विषयः नेपाली

| एकाइ | विषय क्षेत्र | प्रश्न संख्या र अङ्क भार | पूर्णाङ्क | समय |
|---|---|---|---|---|
| | **खण्ड क** | | | |
| १ | वर्ण, लिपि, अक्षर, शब्द शिक्षण | १×१० | १० | ३ घण्टा |
| २ | वाक्य परिचय र प्रकार शिक्षण | १×१० | १० | |
| ३ | बोध र अभिव्यक्ति (व्यावहारिक र प्रयोजनपरक लेखन) शिक्षण | १×१० | १० | |
| ४ | साहित्यिक विधा, व्याकरण, भाषिक सिप, शिक्षण विधि र अध्यापन योजना | १×१० | १० | |
| | **खण्ड ख** | | | |
| ५ | सिकाइ सहजीकरण कार्यकलाप र प्रयोगात्मक भाषाविज्ञान | १×१० | १० | |
| ६ | नेपाली भाषा, कोश र शब्दभण्डारको अध्ययन | १×१० | १० | |
| ७ | साहित्यशास्त्र र लोकसाहित्य | १×१० | १० | |
| ८ | भाषिक मूल्याङ्कन र परीक्षण | १×१० | १० | |
| ९ | नेपाली भाषा शिक्षणका समसामयिक सन्दर्भ र भाषिक आन्दोलन | १×१० | १० | |
| १० | नेपाली भाषा शिक्षणमा अनुसन्धान र तुलनात्मक अध्ययन | १×१० | १० | |
| जम्मा | | | १०० | |

द्रष्टव्यः

१. पाठ्यक्रम खण्ड क र खण्ड ख गरी दुई खण्डमा विभाजन गरिएको छ।

२. सामान्यतया खण्ड क बाट सोधिने प्रश्नहरु शिक्षण विधिसँग सम्बन्धित हुने छ।

३. खण्ड ख बाट सोधिने प्रश्नहरु प्रश्नहरु संज्ञानात्मक तहका क्षेत्रहरुबाट समेटिने छ।

४. प्रत्येक खण्डको लागि अलग अलग उत्तरपुस्तिका प्रयोग गरिनेछ ।

४. यो पाठ्यक्रम २०७६।११।२० गते देखि लागू हुने छ ।